त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिंग अध्ययन संस्थान
# पुल्चोक क्याम्पस

आनन्द निकेतन,
पुल्चोक, ललितपुर ।

मिति : २०७०।७।११

## स्नातकोत्तर (M.Sc.) तहमा भर्ना सम्बन्धी सूचना ।

इन्जिनियरिंग अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डद्वारा स्नातकोत्तर (M.Sc.) तहमा भर्नाका लागि मिति २०७० कार्तिक ९ गते लिइएको प्रवेश परीक्षामा उत्तिर्ण भई यस क्याम्पससमा भर्ना हुन इच्छुक परीक्षार्थीहरुको जानकारीका लागि निम्नानुसारको विवरण सहित यो सूचना प्रकाशन गरिएको छ ।

| कार्यक्रम | मिति र समय |
|---|---|
| Online form भर्ने | २०७० कार्तिक १२ गते १०:०० बजेदेखि<br>२०७० कार्तिक २० गते साँझ ४:०० बजेसम्म |
| Teachers/Sponsored Quota को लागि निवेदन दिनुपर्ने | २०७० कार्तिक १२ गतेदेखि<br>२०७० कार्तिक २० गते कार्यालय समय भित्र |
| प्राथमिकता संशोधन गर्ने | २०७० कार्तिक २१ गते अपरान्ह ३:०० बजेसम्म<br>सूचना प्रविधि केन्द्रमा सम्पर्क राखी निवेदन दिनु पर्नेछ । |
| प्रथम सूची प्रकाशन | २०७० कार्तिक २२ गते बिहान १०:०० बजे |
| प्रथम सूची उपर दावि विरोध | २०७० कार्तिक २२ गते १२:०० बजेदेखि ३:०० बजेसम्म |
| संशोधित प्रथम सूची प्रकाशन | २०७० कार्तिक २२ गते साँझ ७:०० बजे |
| प्रथम सूचीको भर्ना | २०७० कार्तिक २४, २५ र २६ गते<br>११:०० बजेदेखि ३:०० बजेसम्म |
| दोश्रो सूची प्रकाशन | २०७० कार्तिक २७ गते बिहान १०:०० बजे |
| दोश्रो सूची उपर दावि विरोध | २०७० कार्तिक २७ गते १२:०० बजेदेखि ३:०० बजेसम्म |
| संशोधित दोश्रो सूची प्रकाशन | २०७० कार्तिक २७ गते साँझ ७:०० बजे |
| दोश्रो सूचीको भर्ना | २०७० कार्तिक २८ र २९ गते<br>११:०० बजेदेखि ३:०० बजेसम्म |
| नोटः यस पछिका सूची तथा भर्ना कार्यक्रमहरुका बारेमा २०७० मंसिर १ गते सूचना प्रकाशन गरिनेछ । | |

### १. अनलाइन फारम भर्ने व्यवस्था

यस क्याम्पसमा M.Sc. तहको विभिन्न कार्यक्रमहरुमा भर्ना हुनकोलागि अनलाइन फारम भर्नु पर्नेछ । अनलाइन आवेदन फाराम यस क्याम्पसको वेभ साइट www.pcampus.edu.np वा www.ioe.edu.np मा २०७० कार्तिक १२ गते विहान १०:०० बजेदेखि कार्तिक २० गते साँझ ४:०० बजेसम्म भर्न सकिनेछ । अनलाइन फाराम भरेपछि फाराम भरेको प्रमाण स्वरुप Confirmation Letter प्रिन्ट गरी साथै राख्नु पर्नेछ । Confirmation page मा उल्लेख भए अनुसारको रकम सिद्धार्थ बैंक लि. पाटनढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा यथाशिघ्र जम्मा गरी बैंक भाउचर लिन जानकारी गराइन्छ । उपरोक्त रकम मिति २०७० कार्तिक २० गतेभित्र बैंकमा बुझाउनु पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिंग अध्ययन संस्थान

# पुल्चोक क्याम्पस

आनन्द निकेतन,
पुल्चोक, ललितपुर ।

आवेदकले शुल्क बुझाएको/नबुझाएको रकम र समय Bank Statement संग कम्प्युटर प्रविधिबाट रुजु गरिने भएकोले तोकिएको समय २०७० कार्तिक २० गते ४:०० बजे भित्र उपरोक्त खाता नं.मा पुरा शुल्क बुझाउनहुन सूचित गरिन्छ । यसमा अन्यथा हुन गएमा Online मार्फत प्राप्त आवेदन स्वीकार्य नहुने भएकोले सजग गराइएको छ ।

भर्नाको लागि अनलाइन फारम भर्दा आवेदन शुल्क रु. २००।- लाग्नेछ । सो शुल्कबाट एक विषयको लागि आवेदन गर्न सकिनेछ । एक विषयको लागि कुनै थप शुल्क लाग्ने छैन । तर एकभन्दा बढी विषयलाई प्राथमिकता क्रममा राखी फारम भरेमा प्रति विषय थप रु २००।- का दरले शुल्क लाग्नेछ । कुनैपनि विषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सोलाई दुई विषय मानिनेछ ।

## २. भर्ना गरिने सिट संख्या

| Program | Regular | | Full Fee / Sponsored | | |
|---|---|---|---|---|---|
| | Regular Merit* | IOE Reserved+ | Full Fee* | Sponsored++ | Scholarship |
| Urban Planning | 5 | 1 | 6 | 8 | |
| Information & Communication Engineering | 5 | 1 | 6 | 8 | |
| Structural Engineering | 5 | 1 | 6 | 8 | |
| Power System Engineering | 5 | 1 | 6 | 8 | |
| Renewable Energy Engineering | 5 | 1 | 6 | 8 | |
| Water Resources Engineering | 5 | 1 | 6 | 8 | |
| Geo-Technical Engineering | 5 | 1 | 6 | 8 | |
| Transportation Engineering | 5 | 1 | 6 | 8 | |
| Disaster Risk Management | 5 | 1 | 6 | 8 | |
| Computer System & Knowledge Engineering | 5 | 1 | 6 | 8 | |
| Energy System Planning & Management | 5 | 1 | 6 | 2 | 6** |
| Environmental Engineering | 5 | 1 | 6 | 8 | |
| Construction Management | 5 | 1 | 6 | 8 | |
| Technology and Innovation Management | 5 | 1 | 4 | 6 | |
| Climate Change | 5 | 1 | 6 | 8 | |
| Material Science and Engineering | 5 | 1 | 6 | 8 | |

**नोटः**

* हरेक कार्यक्रममा नियमित तर्फ १ सिट र पुर्णशुल्किय तर्फ १ सिट महिला कोटाकोलागि सुरक्षित गरिएको छ ।

\+ IOE Reserved Quota मा आवेदन नपरी स्थान रिक्त हुन आएमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार सम्बन्धित कार्यक्रमको नियमित तर्फ भर्ना सूची प्रकाशन गरिनेछ ।

++ Sponsored Quota मा तोकिएको सिटसंख्या अनुसार आवेदन नपरी स्थान रिक्त रहन आएमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार सम्बन्धित कार्यक्रमको Full Fee तर्फ भर्ना सूची प्रकाशन गरिनेछ ।

** Merit का आधारमा ५० प्रतिशत सिटहरु महिलाहरुका लागि सुरक्षित गरिएको छ ।

## ३. कार्यक्रम स्थगन हुन सक्ने

(क) क्याम्पसले आन्तरिक श्रोत परिचालन गरी सञ्चालन गरेका स्नातकोत्तर कार्यक्रमहरु मध्ये कुनै कार्यक्रममा पुर्णशुल्किय र प्रायोजित कोटा पुरा नहुने देखिएमा सो सम्बन्धमा भर्नाको प्रथम सूची प्रकाशन संगै जानकारी गराइनेछ ।

(ख) त्यसरी जानकारी गरिइएका कार्यक्रमहरुमा भर्नाको दोश्रो सूची प्रकाशन हुँदा सम्म इच्छुक विद्यार्थीहरुबाट धरौटी रकम रु. ३०००।- (तीनहजार) सहितको भर्ना चाहनापत्र लिइनेछ ।

(ग) भर्ना चाहनापत्रका आधारमा पुर्णशुल्किय र प्रायोजित कोटा तर्फको ६० प्रतिशत कोटा नभरिने देखिएमा क्याम्पसले सो कार्यक्रमलाई त्यस बर्षको निम्ति स्थगन गर्न सक्नेछ । त्यस्तो अवस्थामा दर्ता वापत लिइएको धरौटी रकम रु. ३०००।- पुरै फिर्ता दिइने छ ।

(घ) क्याम्पसले त्यस्ता कार्यक्रम सञ्चालन गर्न सक्ने ठहर गरेमा चाहना पत्र दर्ता गरेका विद्यार्थीहरुलाई भर्नाको लागि आव्हान गरिनेछ ।

(ङ) त्यस्ता कार्यक्रमहरुमा पुर्णशुल्किय तर्फको कोटा भरिएपछि मात्र पुर्णशुल्किय तर्फ भर्ना भएका विद्यार्थी योग्यताक्रमका आधारमा नियमानुसार नियमिततर्फ सर्न पाउने छन् ।

## ४. भर्नाका लागि आवश्यक योग्यता (Program Entry Requirements)

भर्नाको लागि आवेदन फर्म भर्दा Eligibility requirement चेक गरी सम्बन्धित कार्यक्रममा मात्र फाराम भर्नुहुन सूचित गरिन्छ ।

| SN | Programs | Eligibility Requirements | |
|---|---|---|---|
| | | Entrance stream | Pre requisite degree |
| 1. | Urban Planning | PA/CA | B.Arch./BE (Civil), M.A.(Geography) or equivalent |
| 2. | Information & Communication Engineering | EC/EE | BE (Electronics/Electrical/Computer) or Equivalent |
| 3. | Structural Engineering | CA | BE (Civil) or equivalent |
| 4. | Power System Engineering | EE | BE (Electrical) or equivalent |

| | | | |
|---|---|---|---|
| 5. | Renewable Energy Engineering | EC/EE/CA/MI/PA | B.Arch/BE in any field or M.Sc.(Physics, Chemistry) or equivalent |
| 6. | Water Resources Engineering | CA | BE (Civil or Agriculture) or equivalent |
| 7. | Geo-Technical Engineering | CA | BE (Civil) or equivalent. |
| 8. | Transportation Engineering | CA | BE (Civil) or Equivalent |
| 9. | Disaster Risk Management | Any | BE/B.Arch and M.Sc. or M.A. or Minimum 4 years formal education after 10+2 (except BE/B.Arch) 2 yrs. Work experience in Disaster Risk Management, Civil, Agriculture |
| 10. | Energy System Planning & Management | EC/EE/CA/MI/PA | B.Arch./ BE in any field. |
| 11. | Computer System and Knowledge Engineering | EC | Bachelors Degree in Computer/Electronics and Communication Engineering, Electrical and Electronics Engineering or equivalent. |
| 12. | Environmental Engineering | CA | BE (Civil or Agriculture) or equivalent |
| 13. | Construction Management | CA/PA | BE (Civil or Agriculture) or equivalent |
| 14. | Technology and Innovation Management | CA/PA/EE/EC/MI | B.Arch./BE in any field |
| 15. | Climate Change | CA/PA/EE/EC/MI/AS | B.Arch/BE in any field or 4 Yrs. B.Sc. (Forestry, Agriculture, Science) or M.Sc. (Physics, Chemistry) or equivalent |
| 16. | Material Science & Engineering | CA/PA/EE/EC/MI/AS | B.Arch/BE in any field or 4 Yrs. B.Sc. or M.Sc. (Physics, Chemistry) or equivalent |

## ५. प्राथमिकता क्रममा थपघट वा संशोधन

Online form भर्दा तोकिएको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नु परेमा मिति २०७० कार्तिक २१ गते अपरान्ह ३:०० बजे भित्रमा निम्नानुसारको थप शुल्क सहितको बैंक भाउचर संलग्न गरी क्याम्पस भर्ना समितिमा निवेदन दिनु पर्नेछ ।

प्राथमिकता संशोधन शुल्क रु. २००।-

विषय थप गर्नु परेमा प्रति विषय रु. २००।-

प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुने छैन ।

## ६. IOE Reserved Quota को लागि अन्य कागजातहरु दर्ता गर्ने

IOE Reserved Quota मा इ.अ.संस्थानका स्थायी शिक्षकहरुलाई प्राथमिकता दिइनेछ । स्थायी शिक्षक नभएको खण्डमा कम्तिमा ५ बर्ष सेवा गरिसकेका अस्थायी शिक्षकलाई भर्ना गर्न सकिनेछ । तर IOE

Reserved Quota मा छनोट भएका अस्थायी शिक्षकले सो कार्यक्रममा अध्ययनका लागि लाग्ने सम्पूर्ण शुल्क आफैंले व्यहोर्नु पर्नेछ ।

IOE Reserved Quota मा आवेदन नपरी स्थान रिक्त हुन आएमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार सम्बन्धित कार्यक्रमको नियमित तर्फ भर्ना सूची प्रकाशन गरिनेछ ।

IOE Reserved Quota को लागि आवेदन दिने आवेदकहरुले सिद्धार्थ बैंकमा शुल्क बुझाएको बैंक भाउचर र निम्न अनुसारको कागजातहरु २०७० कार्तिक १२ गतेदेखि कार्तिक २० गते कार्यालय समय भित्र पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ ।

**<u>बुझाउनु पर्ने कागजातहरु</u> :**

(क) नियुक्ति पाई कार्यरत रहेको सम्बन्धित क्याम्पसको पत्र ।

(ख) IOE Reserved Quota मा भर्नाको लागि इ.अ.संस्थान डीनको कार्यालयबाट सिफारिस पत्र ।

## ७. Sponsored Quota अन्तर्गत भर्नाको लागि निवेदन

Sponsored Quota को लागि आवेदन दिने आवेदकहरुले आवेदन शुल्क रु. २००।- सिद्धार्थ बैंक लि. पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा बुझाएको सक्कल भाउचर र निम्न अनुसारको कागजातहरु २०७० कार्तिक २० गते कार्यालय समयभित्र पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ ।

(क) कार्यरत संस्थाले प्रायोजन गर्ने प्रमाणपत्रको प्रतिलिपि

(ख) प्रायोजन गर्ने संस्थानको संस्था दर्ता प्रमाणपत्र

Sponsored कोटामा भर्ना हुन आवेदन दिने आवेदकहरुको भर्नाको लागि नाम प्रकाशन गर्दा निम्न बमोजिम प्राथमिकता दिइनेछ ।

| | |
|---|---|
| पहिलो प्राथमिकता | सरकारी कार्यालयहरु |
| दोश्रो प्राथमिकता | सरकारी स्वामित्व भएका संस्थानहरु |
| तेश्रो प्राथमिकता | INGO/NGO सामुदायिक संघ संस्थानहरु |
| चौथो प्राथमिकता | निजी कम्पनी |
| पाचौं प्राथमिकता | विदेशी विद्यार्थीलाई Self Sponsored को रुपमा भर्ना गरिनेछ । |

Sponsored कोटामा भर्नाका लागि आवश्यक २ बर्षको सम्पूर्ण शुल्क (M. Sc. Entrance Examination 2070 को Information Brochure को बुँदा नं. २.२.६ मा उल्लेख गरिए अनुसारको शुल्क) भर्ना हुँदा एकमुष्ट प्रायोजन गर्ने संस्थाको खाताबाट यस क्याम्पसको नाममा लेखिएको एकाउण्ट पेयी चेकबाट भुक्तानी गर्नु पर्नेछ ।

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिंग अध्ययन संस्थान
**पुल्चोक क्याम्पस**

आनन्द निकेतन,
पुल्चोक, ललितपुर ।

## ८. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु

माथिल्लो प्राथमिकतामा नाम प्रकाशित भई भर्ना भएका आवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा भर्ना गर्न पाउने छैनन् । तर तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भई भर्ना भइसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्लो सूचीहरुमा माथिल्लो प्राथमिकता तोकेका कार्यक्रमहरुमा नाम प्रकाशित गरिनेछ । पूर्णशुल्किय कार्यक्रम अन्तर्गत भर्नाको लागि पनि यही नियम लागू हुनेछ । अर्थात कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पुर्णशुल्किय कार्यक्रममा निक्लेमा निज पूर्णशुल्किय कार्यक्रममा अनिवार्य भर्ना हुन पर्नेछ र नभएमा निजको भर्ना खारेज गरिनेछ । **अत: पूर्णशुल्किय कार्यक्रममा निसन्देह भर्ना हुन चाहने आवेदकहरुलाई मात्र पूर्ण शुल्किय कार्यक्रमका लागि आवेदन दिनुहुन सतर्क गराइएको छ** । तर भर्ना भएकै कार्यक्रममा रही माथिल्लो प्राथमिकतामा नसर्ने भएमा आफू माथिल्लो प्राथमिकतामा नसर्ने भनी निवेदन दिनु पर्नेछ।

**Sponsored Quota को लागि आवेदन भर्दा कुनै एउटा कार्यक्रममा मात्र पाइनेछ ।**

**कुनै आवेदकले Sponsored तथा Regular र Full Fee दुवैतर्फ आवेदन दिएको छ भने Sponsored Quota को लागि प्राथमिकता दिइनेछ ।**

**Sponsored Quota मा नाम प्रकाशित भएमा उक्त आवेदकको नाम अन्य प्राथमिकता क्रमबाट स्वत: बाहिरिनेछ ।**

## ९. भर्ना हुँदा ध्यान दिनुपर्ने

(क) भर्नाको लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समयभित्र आवश्यक शुल्क र कागजात पेश गरी भर्ना हुनु पर्नेछ ।

(ख) कारणवश अघिल्लो कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरुले म्यादभित्र भर्ना हुन नसकेमा र निजले पुन: भर्ना हुन चाहेमा भर्ना समिति समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन दिने हरुको नाम निवेदन दिएको लगत्तै पछि निस्कन लागेको सूची पछि निस्कने अर्को सूचीमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमानुसार समावेश गरिनेछ ।

(ग) भर्ना सूचीमा नाम प्रकाशित भई भर्ना हुँदा कुनै आवेदकले आफू माथिल्लो प्राथमिकतामा अब उप्रान्त नसर्ने भनी निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।

(घ) नियमित तथा पुर्ण शुल्किय कार्यक्रममा भर्ना हुन आउँदा M. Sc. Entrance Examination 2070 को Information Brochure को बुँदा नं. २.२.६ मा उल्लेख गरिए अनुसारको शुल्क लिई आउनु पर्नेछ।

अध्यक्ष
**क्याम्पस स्तरिय भर्ना समिति**
**पुल्चोक क्याम्पस**